# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा अनुगमन शाखा*

## प्रदेश वन सेवाका अधिकृत एघारौं तहको पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २१५/२०८०-८१**

**प्रकाशन मितिः२०८०/११/१४**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को (ज) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने प्रदेश वन सेवा एघारौं तहको पदका लागि कार्यक्षमताको मूल्याङ्कन तर्फ प्रतिशत निर्धारण भएको पद १ (एक) का लागि प्रदेश निजामती सेवा ऐन,२०७९ को तपसिल बमोजिम योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/१२/०४ गते सम्ममा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेब साइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय हेटौंडामा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### क) प्रदेश निजामती सेवा ऐन,२०७९ बमोजिम उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यताहरूः-

१.प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

२.प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८(१)(ज) बमोजिम छुट्टिएको प्रतिशतमा सोही ऐनको दफा ८ को उपदफा (९)(१०) सोही ऐनको दफा २९, ३० र ३१ बमोजिम तोकिएको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ।

### ख) दरखास्त दिंदा उम्मेदवारहरूले खुलाउनु पर्ने र संलग्न गर्नुपर्ने कागजातहरूः-

१) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५, ३६, ३७, ३८, ३९ र ४१ बमोजिम मूल्याङ्कन हुने आधारहरू सँग सम्बन्धित आफूसँग भएका कागजातहरू आफैले प्रमाणित गरी दरखास्त साथ पेस गर्नुपर्ने छ।

२) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने छ।

३) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ र किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सोको व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नुपर्नेछ।

४) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ठ रुपमा खुलाउनु पर्नेछ।

५) दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो ५(पाँच) वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयहरूको नाम खुलाउनु पर्नेछ।

६) हालको पद/श्रेणी/तहमा अध्ययन विदा/असाधारण विदा/गयल कट्टी भएको भए सो विवरण खुलाउनु पर्नेछ।

७) आयोगबाट स्वीकृत दरखास्त फाराममा प्रविष्ट गरेका कागजातहरू पञ्जिका बनाई फाईल साथ पेस गर्नुपर्ने छ।

८) दरखास्त दस्तुर रु.२०००। (दुई हजार रुपैंया)बुझाएको बैंक भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्ने छ।

९) दरखास्त बुझाउने स्थानः

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड- खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेडः- खाता नं. २७२०२००००१००१००००१
कार्यालय कोडः- २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)
राजश्व शिर्षक नं. १४२२४

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी विवरणः-

| क्र.सं. | ब.सू.नं. | पदको नाम | तह | सेवा | समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ११५/८०-८१ | अधिकृत | ११ | प्रदेश वन | - | १(एक) | २०८०/१२/०४ |